# स्थानीय तहको आर्थिक ऐन २०७५
# वागमती गाउँपालिका ललितपुरको अर्थ सम्बन्धी प्रस्तावलाइ
# कार्यान्वयन गर्न बनेको ऐन २०७५

**प्रस्तावनाः** बागमती गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम बागमती गाउपालिका ललितपुरको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि बागमती गाउँ/नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर (घरको कर र जग्गाको कर) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **नक्शा पाश शुल्क:** बागमती गाउँपालिकाले आफ्नो क्षेत्र भित्र बन्ने पक्की एवम् कच्ची घरमा अनुसूची (१४) मा तोकिएको रकम नक्सा पास वापत असुल गरिने छ ।

१५. बागमती गाउँपालिका क्षेत्र भित्र ठेगाना देखाइ दर्ता हुने कुनै व्यक्ति, फर्म, कम्पनीबाट घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र लिन अनुसूचि (१५) मा उल्लेख भएबमोजिम शुल्क लिइने छ ।

१६. बागमती गाउँपालिका क्षेत्र भित्रका जग्गाहरू रजिष्ट्रेशन पारित गर्दा लाग्ने शूलक अनुसुचि (१६) मा तोकिए बमोजिम शुल्क लिइने छ ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बागमती गाउँपालिकाले पारित गरी कार्यान्वयन गराउन सक्नेछ ।

**अनुसूची १**
**सम्पति कर -**
**(क) घरको कर -**

१.१. पक्की, सिमेन्ट, रड, इँटाको प्रयोग गरी बनेको पक्की घरको प्रति स्क्वायर फि. रू १ को दरले कर लगाइनेछ ।

१.२. कच्ची घर - ढुङ्गा, माटो, जस्ता, टायल, खयर, काठबाट निर्मित घरलाइ कच्ची घर भनिनेछ र सो घरको प्रति घर रू २०० को दरले कर लगाइने छ ।

<u>**स्पष्टीकरण**</u> - घरले चर्चेको जग्गामा कर लगाइने छैन ।

**(ख) जग्गाको कर -**

१.१. कान्तिलोकपथ सँग जोडिएको २५ मि. भित्र सम्मको जग्गा, बाटो भएको प्रति रोपनी रू १०० का दरले कर लगाइने छ ।

१.२. अन्य जग्गाको हकमा अब्बल जग्गामा रू १६ प्रति रोपनी, दोयम जग्गा रू १४ प्रति रोपनी, सीम जग्गा रू १२ प्रति रोपनी, चाहरमा रू १० प्रति रोपनीका दरले जग्गा कर लगाइने छ ।

**अनुसूची २**
घर बहाल कर - घर बहाल रकमको १२% लगाइने छ ।

**अनुसूची ३**
**व्यवसाय कर**

| क.सं. | व्यवसायको विवरण | दर्ता दस्तुर | नविकरण |
|---|---|---|---|
| १. | व्यापारिक वस्तु | | |
| १.१. | सुनचाँदी विक्रेता | ५००।०० | २५०।०० |
| १.२. | चुरोट रक्सी | | |
| | क) थोक विक्रेता | १०००।०० | ५००।०० |
| | ख) खुद्रा विक्रेता | ५००।०० | २५०।०० |
| १.३. | टि.भी. विक्रेता | ५००।०० | २५०।०० |
| १.४. | घडी, रेडियो, सवारी साधन पाटपूर्जा विक्रेता | ५००।०० | २५०।०० |
| १.५. | निर्माण सामाग्री | | |
| | क) उच्च स्तरको विक्रेता(१ करोड माथी चालु पूँजी) | २,०००।०० | १,०००।०० |
| | ख) मध्यम स्तरको विक्रेता (१ करोड तल ५० लाख माथि चालु पूँजी) | १,०००।०० | ५००।०० |
| | ग) निम्न स्तरको विक्रेता ( ५० लाख तल) | ७५०।०० | ३७५।०० |
| १.६. | क) पेट्रोलियम पदार्थको विक्रेता | ७५०।०० | ३७५।०० |

| | | | |
|---|---|---|---|
| | ख) ग्याँस विक्रेता | ५००।०० | २५०।०० |
| १.७. | विद्युत सामाग्री | | |
| | क) उच्च स्तरको विक्रेता(१ करोड माथी चालु पूँजी) | २,०००।०० | १,०००।०० |
| | ख) मध्यम स्तरको विक्रेता (१ करोड तल ५० लाख माथि चालु पूँजी) | १,०००।०० | ५००।०० |
| | ग) निम्न स्तरको विक्रेता ( ५० लाख तल) | ७५०।०० | ३७५।०० |
| १.८. | रोडा, ढुंगा, बालुवा सप्लायर्स | ५०००।०० | २५००।०० |
| १.९. | दैनिक उपभोग्य खाद्यपदार्थ विक्रेता | | |
| | क) उच्च स्तरको विक्रेता( ५० लाख सम्म चालु पूँजी) | ५००।०० | २५०।०० |
| | ख) मध्यम स्तरको विक्रेता (२५ लाख सम्म चालु पूँजी) | ३००।०० | १५०।०० |
| | ग) निम्न स्तरको विक्रेता ( २५ लाख तल) | १५०।०० | ७५।०० |
| १.१० | तरकारी तथा फलफूल विक्रेता | १००।०० | ५०।०० |
| १.११ | तयारी कपडा तथा कपडा विक्रेता | | |
| | क) उच्च स्तरको विक्रेता( ५० लाख सम्म चालु पूँजी) | १,०००।०० | ५००।०० |
| | ख) मध्यम स्तरको विक्रेता (२५ लाख सम्म चालु पूँजी) | ७५०।०० | ३७५।०० |
| | ग) निम्न स्तरको विक्रेता ( २५ लाख तल) | ५००।०० | २५०।०० |
| २ | विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा | | |
| | चिकित्सक, कविराज, इन्जिनियर, कानुन व्यवसायी, लेखा परीक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्शदाता, कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर, बिमा ऐजेन्ट, सर्भेयर, अनुवादक, पशु चिकित्सक, शेयर दलाल र सामान ढुवानी कर्ता तथा कम्पनी | १,०००।०० | ५००।०० |
| ३. | कृषि तथा वन्यजन्य उद्योग | | |
| | क) निजी दुग्ध तथा | १,०००।०० | ५००।०० |

| | | | |
|---|---|---|---|
| | चिस्याउने केन्द्र | | |
| | ख) च्याउ उद्योग | १,०००।०० | ५००।०० |
| | ग) पोल्ट्री फर्म (कुखुरा पालन व्यवसाय), बाख्रापालन, माछापालन तथा कृषि फर्म | ५००।०० | २५०।०० |
| ४. | पर्यटन उद्योग | | |
| | क) भौतिक सुविधायुक्त रिसोर्ट तथा होटेल | १०,०००।०० | ५,०००।०० |
| ५. | सेवा उद्योग | | |
| | क) अफसेट प्रेस, हाईभिजन तथा सिनेमा हल | २,०००।०० | १,०००।०० |
| | ख) लेटर प्रेस | ५००।०० | २५०।०० |
| ६. | निर्माण उद्योग | ७,०००।०० | ३,५००।०० |
| | पुल तथा अन्य निर्माण सेवा | | |
| ७. | संचार सेवा | | |
| | क) फोटोकपी, टाइप तथा अन्य सेवा | २००।०० | १००।०० |
| | ख) फयाक्स, ईमेल, टेलिफोन, कुरियर तथा अन्य सेवा | २००।०० | १००।०० |
| | ग) दुरसञ्चार वित्तिएस ( टावर) वार्षिक | २०,०००।०० | ५,०००।०० |
| | घ) सेवा प्रदायक कम्पनी वार्षिक | २०००।०० | १०००।०० |
| | ङ) निजी रेडियो स्टेसन वार्षिक | ३०००।०० | १५००।०० |
| ८. | वित्तीय सेवा | | |
| | क) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैक र बित्तिय कम्पनीको मुख्य कार्यालय | ७,०००।०० | ३,५००।०० |
| | ख) वित्तीय कम्पनीका शाखा कार्यालय | २,०००।०० | १,०००।०० |
| | ग) बैकिङ्ग कारोबार गर्न स्वीकृत प्राप्त सहकारी बैक मात्र | २,०००।०० | १,०००।०० |
| ९. | स्वास्थ्य सेवा | | |
| | क) गैह्र सरकारी अस्पताल | ५,०००।०० | २,५००।०० |
| | ख) नर्सिङ होम | ७,०००।०० | ३,५००।०० |
| | ग) क्लिनिक तथा ल्याब | २,०००।०० | १,०००।०० |
| १०. | शिक्षा सेवा | | |

| | | | |
|---|---|---|---|
| | क) निजी क्षेत्रको प्रिपाइमरी | १,०००।०० | ५००।०० |
| | ख) निजी क्षेत्रको आ.वि. | २,०००।०० | १,०००।०० |
| | ग) निजी क्षेत्रको मा.वि तथा सो भन्दा माथि | ५,०००।०० | २,५००।०० |
| | ङ)ट्युसन तथा तालिम सेन्टर | १,०००।०० | ५००।०० |
| ११. | तालिम तथा अनुसन्धान केन्द्र | | |
| | क) टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | १,०००।०० | ५००।०० |
| | ख) अन्तराष्ट्रिय गैह्र सरकारी संस्था | ७,०००।०० | ३,५००।०० |
| १२. | मर्मत तथा सम्भार सेवा | | |
| | क) हेभी बस ट्रक तथा कार मर्मत | ३,०००।०० | १,५००।०० |
| | ख) टायर रिसोलिङ्ग | १,०००।०० | ५००।०० |
| | ग) साइकल, टेम्पो, टायर हावा भर्ने, पंचर टाल्ने, भिडियो वा क्यासेट चक्का, रेडियो, टि.भी. तथा अन्य मर्मत | १,०००।०० | ५००।०० |
| | घ) रेलिङ्ग तथा ग्रील, स्टील फर्निचर | १,०००।०० | ५००।०० |
| | ङ) मोबाइल रिपेरिङ्ग तथा घडी मर्मत सेवा | १,०००।०० | ५००।०० |
| | च) गाडी मर्मततथा बडी विर्ल्डस | ३,०००।०० | १,५००।०० |
| | छ) सावारी साधन तथा अन्य ट्रेनिक सेन्टर | १,०००।०० | ५००।०० |
| | ज) सिटहुट मर्मत | १,०००।०० | ५००।०० |
| | झ) मनिट्रान्सफर तथा चेन्जिङ्ग | ५,०००।०० | २,५००।०० |
| | ञ) मोटर साईकल मर्मत तथा वर्कशप | २,०००।०० | १,०००।०० |
| १३. | अन्य सेवा | | |
| | क) साईनबोर्ड, होर्डिङ्ग बोर्ड | २,०००।०० | १,०००।०० |
| | ख) पार्टी प्यालेस | १,०००।०० | ५००।०० |
| | ग) सोलार हाउस | २,०००।०० | १००।०० |
| | घ) होमस्टे सञ्चालन | ५,०००।०० | २,५००।०० |
| | ङ) क्युरियो तथा ग्यालरी पसल | १,०००।०० | ५००।०० |
| १४. | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट) | ३,०००।०० | १,५००।०० |

| | | | |
|---|---|---|---|
| १५. | सुचिकार तथा हजाम व्यवसाय | ५००।०० | २५०।०० |
| १६. | श्रृंगार तथा व्युटी पार्लर व्यवसाय | ५००।०० | २५०।०० |
| १७. | फोटो स्टुडियो | | |
| | क) कलर ल्याब | १,०००।०० | ५००।०० |
| | ख) फोटो स्टुडियो | ५००।०० | २५०।०० |
| १८. | साइनबोर्ड बनाउने तथा पेन्टिङ्ग सेवा | ५००।०० | २५०।०० |
| १९. | मासु विक्रेता व्यवसाय | १,०००।०० | ५००।०० |
| २०. | पशु बधशाला | ० | ० |
| २१. | जुत्ता मर्मत तथा जुत्ता विक्रेता | ५००।०० | २५०।०० |
| २२. | पेपर तथा कागज उद्योग | २,०००।०० | १,०००।०० |
| २३. | स्टेशनरी पसल | | |
| | क) थोक विक्रेता | १,०००।०० | ५००।०० |
| | ख) खुद्रा विक्रेता | ५००।०० | २५०।०० |
| २४. | भाडा वर्तन तथा गिफ्ट सप | १,०००।०० | ५००।०० |
| २५. | फूल तथा विरुवा विक्रेता | १,०००।०० | ५००।०० |
| २६. | पुल हाउस | १,०००।०० | ५००।०० |
| २७. | खोटो व्यवसायी | २००।०० | १००।०० |
| २८. | केबुल नेटर्वक | २,०००।०० | १,०००।०० |
| २९. | रेडिमेड तथा फेन्सी | | |
| | क) उच्च स्तरको विक्रेता | १,०००।०० | ५००।०० |
| | ख) निम्न स्तरको विक्रेता | ५००।०० | २५०।०० |
| ३०. | कृषि सम्बन्धी व्यवसाय | | |
| | क) ढुटो दाना, किटनाशक औषधी, कृषि औजार, रसायनीक मल विक्रेता तथा खुद्र मसला विक्रेता | ५००।०० | २५०।०० |
| | ख) डोरीको सामान विक्रेता | ५००।०० | २५०।०० |
| | ग)निजी दुग्ध संकलन व्यवसाय | २,०००।०० | १,०००।०० |
| | घ) स्थानीय स्तरको सानो दुग्ध संकलन केन्द्र | २००।०० | १००।०० |
| ३१. | साना घरेलु उद्योग | | |
| | क) ठूलो वेन्सर भएको फर्निचर | १,०००।०० | ५००।०० |
| | ख) सानो वेन्सर भएको फर्निचर | ५००।०० | २५०।०० |
| | ग) वेन्सर नभएको फर्निचर | ३००।०० | १५०।०० |
| | घ) ठूलो खालका चिउरा उद्योग | २,०००।०० | १,०००।०० |

| | | | |
|---|---|---|---|
| | ङ) मसला उद्योग | ७५०।०० | ३७५।०० |
| ३२. | अन्य व्यवसाय | | |
| | क) पार्क पिकनिक स्पट | १,०००।०० | ५००।०० |
| | ख) क्यासिनो | २,००,०००।०० | १,००,०००।०० |
| | ग) टुर अपरेटर | २,५००।०० | १,२५०।०० |
| | घ) मसाज पार्लर | २,०००।०० | १,०००।०० |
| | ङ) औषधी विक्रेता तथा आर्युवेदिक औषधी विक्रेता | ५००।०० | २५०।०० |
| | च) रेष्टुरेन्ट, लज, भोजनालय | १,०००।०० | ५००।०० |
| | छ) मिठाई, मःम, चिया चमेना र पान पसल | ७००।०० | ३५०।०० |
| | ज) खाद्यान्न मिल | १,०००।०० | ५००।०० |
| | झ) इनारको रिङ्ग तथा अन्य उद्योग | ० | ० |
| | ञ) मध्यम स्तरका रेष्टुरेन्ट, लज, भोजनालय | १,०००।०० | ५००।०० |
| | ट) उच्च खालको रेष्टुरेन्ट, लज, भोजनालय | २,०००।०० | १,०००।०० |
| | ठ) पुल हाउस /गेम सेन्टर | १,०००।०० | ५००।०० |
| | ड) जिम सेन्टर | २,०००।०० | १,०००।०० |
| | ढ) कवाडी सामान संकलन | ३,०००।०० | १,५००।०० |
| ३३. | सार्वजनिक स्थान तथा गा.पा. क्षेत्रमा घुम्ती पसल राखी व्यवसाय गर्ने लाई पटके | २०।०० | १०।०० |
| ३५. | क) माथि उल्लेख नभएका कुनैपनि सेवा तथा व्यवसायमा स्तर हेरी गाउँ कार्यपालिकाको निर्णय अनुसार निर्धारण हुने | | |
| | ख) माथि उल्लेख नभएको उद्योगहरु | ५,०००।०० | २,५००।०० |

**अनुसूची ४**

**जडिबुटी, कवडी र जीवजन्तु कर**

प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा तोके बमोजिम लागु हुनेछ ।

**अनुसूची ५**

दफा ४ मा उल्लेख भएको वस्तुको अतिरिक्त चौपाया विक्रिवितरण भइ ओसार पसार गरे वापतको निम्नबमोजिमको कर लगाइने छ ।

क. भैँसी, राँगा प्रति गोटा रू १०/-

ख. गाइ, गोरू प्रति गोटा रू ५/-

ग. खसी, बोका, भेडा, च्याङ्ग्रा प्रति गोटा रू ३/-

**अनुसूची ६**

**सवारी साधन कर**

सवारी दर्ता तथा वार्षिक सवारी कर प्रदेश कानुनबाट तोके बमोजिम लागु हुनेछ ।

**अनुसूची ७**

**विज्ञापन कर**

व्यवसाय प्रचार प्रसारका लागि राखिएको होडिङ बोर्ड प्रति वर्ग फिट रू २५/-

**अनुसूची ८**

**मनोरञ्जन कर**

प्रदेश कानुनबाट तोके बमोजिम लागु हुनेछ ।

**अनुसूची ९**

**बहाल बिटौरी शुल्क**

गाउँपालिकाबाट निर्माण गरिएको पसल टहरामा व्यवसाय सञ्चालन गर्न दिए वापत प्रति वर्गफिट मासिक बहाल बिटौरी कर रू ५/- लिइने छ ।

**अनुसूची १०**

पार्किङ शुल्क (दैनिक)

क. बस, मिनी बस, ट्रक, ट्याक्टर रू २०/-

ख. जिप रू १०/-

ग. मोटर साइकल रू ५/-

घ. विदेशी नम्वरको सवारी साधनमा दोब्बर शुल्क असुल गरिनेछ ।

**अनुसूची १२**

**सेवा शुल्क दस्तुर**

क. पंजिकरण

| सि.नं. | विवरण | ३५ दिन भित्र | ३५ दिन भन्दा माथि | कैफियत |
|---|---|---|---|---|
| १ | जन्म दर्ता प्रमाणित | निशुल्क | रू १० | |
| २ | विवाह तथा अविवाहित दर्ता प्रमाणित | निशुल्क | रू १० | |
| ३ | मृत्यु दर्ता प्रमाणित | निशुल्क | रू १० | |
| ४ | बसाइसराइ | निशुल्क | रू १० | |
| ५ | सम्बन्ध विच्छेद सिफारिस | निशुल्क | रू १० | |

ख. गाउँपालिकाले विभिन्नव्यवसायी, संङ संस्था वा व्यक्ति समेतलाइ सेवा पुरायए बापत निम्नानुसारको शिर्षकमा सेवा शुल्क लिने छ ।

| सि.नं. | सेवा सुविधाको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गानामसारी सिफारिस | २००।- | सर्जमिन गर्ने भए रू १००।- |
| २ | मोहि लगत कट्टा सिफारिस | १००।- | |
| ३ | घर कायम सिफारिस | निशुल्क | |
| ४ | छात्रवृति सिफारिस | निशुल्क | |
| ५ | विपन्न विद्यार्थी छात्रवृति सिफारिस | निशुल्क | |
| ६ | अपाङ्ग सिफारिस | निशुल्क | |
| ७ | अस्थायी बसोबास सिफारिस | ५० | |
| ८ | स्थायी बसोबास सिफारिस | निशुल्क | |
| ९ | नागरिकता सिफारिस/ प्रतिलिपि सिफारिस | निशुल्क | |
| १० | अंगकृति नागरिकता सिफारिस | निशुल्क | |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | निशुल्क | |
| १२ | विद्युत जडान सिफारिस | निशुल्क | |
| १३ | धारा जडान सिफारिस | निशुल्क | |
| १४ | जिवित रहेको सिफारिस | निशुल्क | |
| १५ | दुबै नाम गरेको व्यक्ती एकै हो भन्ने सिफारिस / फरक जन्ममिति संशेधन सिफारिस | निशुल्क | |

| | | | |
|---|---|---|---|
| १६ | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित | रू २०।- प्रति रोपनी | |
| १७ | व्यवसाय बन्द सिफारिस | निशुल्क | |
| १८ | व्यवसाय सञ्चालन नभएको सिफारिस | निशुल्क | |
| १९ | व्यापार व्यवसाय नभएको सिफारिस | निशुल्क | |
| २० | कोर्ट फिमिनाहा सिफारिस | निशुल्क | |
| २१ | नाबालिका परिचय पत्र सिफारिस | निशुल्क | |
| २२ | चौपाय सम्बन्धि सिफारिस | निशुल्क | |
| २३ | व्यवसाय दर्ता सिफारिस | निशुल्क | |
| २४ | उद्योग ठाउँसारी सिफारिस | गाउँपालिका भित्र रू ५००।-<br>अन्यत्र रू १०००।- | |
| २५ | विद्यालय ठाउँसारी सिफारिस | निजी रू १०००।-<br>सामुदायिक - निशुल्क | |
| २६ | आन्तरिक बसाइसराइ सिफारिस | निशुल्क | |
| २७ | विद्यालय सञ्चालन स्वीकृतिकक्षा बृद्धि सिफारिस | निशुल्क | |
| २८ | व्यक्तिगत विवरण / चारित्रिक सिफारिस | निशुल्क | |
| २९ | जग्गा दर्ता सिफारिस | निशुल्क | |
| ३० | संरक्षक सिफारिस व्यक्तिगत | निशुल्क | |
| ३१ | संरक्षक सिफारिस संस्थागत | निशुल्क | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशुल्क | |
| ३३ | जिवित संगको नाता प्रमाणित | निशुल्क | |
| ३४ | मृत संगको नाता प्रमाणित | निशुल्क | |
| ३५ | कोठा खोल्न कार्य रोहबरमा बस्ने कार्य | निशुल्क | |
| ३६ | नि:शुल्क वा स:शुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | निशुल्क | |
| ३८ | संस्था दर्ता/ नविकरण सिफारिस | रू ५००।- | |
| ३९ | घरबाटो प्रमाणित | रू १००।- | |
| ४० | चार किल्ला प्रमाणित | रू १००।- | |
| ४१ | जन्ममिति प्रमाणित | निशुल्क | |

| | | | |
|---|---|---|---|
| ४२ | विवाह प्रमाणित / अविवाहित प्रमाणित | निशुल्क | |
| ४३ | घर पाताल प्रमाणित | रू २००।- | |
| ४४ | कागज मञ्जुरिनामा प्रमाणित | रू ५०।- | |
| ४५ | हकवालाहकदार प्रमाणित | रू ५०।- | |
| ४६ | जग्गा रेखाङ्कन कार्य सो कार्यमा रोहबर | निशुल्क | |
| ४७ | जग्गाधनी पूर्जा हराएको सिफारिस | रू १००।- | |
| ४८ | पुर्जा घर कायमगर्ने सिफारिस | रू ५०।- | |
| ४९ | अंग्रेजीसिफारिस तथा प्रमाणित | रू ५०।- | |
| ५० | मिलापत्र कागज उजुरी दर्ता | निशुल्क | |
| ५१ | उल्लेखितबाहेक अन्य स्थानीय अवश्यकता अनुसारका सिफारिस प्रमाणितहरू | निशुल्क | |

ग.

| | | | |
|---|---|---|---|
| १ | रकम असुल उपर गर्नुपर्ने भए, कपाली लिखत प्रमाणित समेत | रकम असुल उपर गर्नुपर्ने भए रकमको ०.२५% | |
| २ | वार्षिक आय प्रमाणित गर्नु परेमा ५ लाख सम्म रू ५००/-, १० लाख सम्म रू १०००/-, रू २० लाख सम्म रू १५००/- र सो भन्दा माथि २००० लाग्ने छ । | | |
| ३ | खानेपानीको पाइप जडानको लागि कालोपत्रे सडक फुटाउन परेमा प्रति वर्ग फिट | रू ५०।- | |
| ३ | जानकारी नदिइ फुटाएमा थप | रू १००।- | |

घ. मोठ कायम सिफारिस

| | | | |
|---|---|---|---|
| १ | कच्चि घर टिन/पुस | निशुल्क | |
| २ | पक्कि घर | | |
| क. | ७०० वर्गफिट सम्मको | रू २००।- | |
| ख | १४०० वर्गफिट सम्म | रू ४००।- | |
| ग | सो भन्दा माथि | रू ६००।- | |

ङ. सर्जमिन सिफारिस

| | | | |
|---|---|---|---|
| १ | जुनसुकै साधारण सर्जमिन | रू १००।- | |
| २ | जग्गा नामसारीको सर्जमिन गर्दा | रू २००।- | |
| ३ | छुट जग्गा दर्ताको सर्जमिन गर्दा | रू ५००।- | |

**अनुसूची १४**

**नक्शा पास शुल्क**

क. सिमेन्ट, रड, इटा, कंक्रिट प्रयोग गरी ढलान गरिएको घरको प्रति स्क्वायर फि. रू ०.५०/-

ख. ढुङ्गा, माटो, जस्ता, काठ, खरबाट बनेको कच्ची घरको रू ३००/-

ग. नक्शा पास फारम वापत रू १००|-

घ. घर नक्शाको प्रतिलिपि रू २५०|-

ङ. घर नक्शाको सम्पन्न प्रमाण पत्र रू २५०|-

**अनुसूची १५**

क. इजाजत पत्र दस्तुर रू ५,०००/-

ख. इजाजत पत्र नविकरण रू ३,०००/-

स्पष्टीकरण : तोकिएको समयमा नविकरण नगर्ने व्यवसायीलाइ नविकरण शुल्कको दोब्बर जरिवाना लगाइने छ ।

**अनुसूची १६**

**रजिष्ट्रेशन शूल्क**

जिल्ला मालपोत कार्यालयबाट तोके बमोजिम लिइने छ ।